भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

पत्र संख्या :

चलानी नं. :

बागमती प्रदेश, नेपाल

मितिः

पशुपन्छी विकास कार्यक्रममा सहभागिताका लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना

सूचना प्रकाशित मिति : २०८२/०८/०२

यस भीमेश्वर नगरपालिका, पशु सेवा शाखाको संघीय सशर्त तर्फ आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त वित्तीय पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** बमोजिम देहायका कार्यक्रमहरु साझेदारी गर्न इच्छुक निजी फर्म, उद्यमी, समूह, सहकारी तथा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मितिः २०८२/०८/२२ गते)को कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नहुन आव्हान गरीन्छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरीने व्यहोरा समेत जानकारी गराईन्छ ।

क्र सं	कार्यक्रमको नाम	सङ्ख्या	अनुदान रकम रु	कार्यक्रम लागु हुने क्षेत्र	कैफियत
१	गाईभैंसी प्रबर्द्धन कार्यक्रम	४	५,२२,५००	• गोठ सुधार अन्तर्गत काउ म्याट व्यवस्थापन	• प्रस्तावको कुल लागतको ५० प्रतिशत मात्र अनुदान प्राप्त हुने • २ माउ वा सो भन्दा वढी गाईभैंसी भएको हुनुपर्ने
२	बाख्रा स्रोत कार्यक्रम	२	४,२७,५००	• उच्च प्रजनन् मान भएका बाख्रा खरिद तथा ढुवानी • जलवायुमैत्री खोर निर्माण तथा सुधार	• प्रस्तावको कुल लागतको ५० प्रतिशत मात्र अनुदान प्राप्त हुने • २० माउ भन्दा वढी बाख्रापालन गरेको हुनपर्ने

संलग्न कागजातहरुको सूची

(क) निवेदकको नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि,

(ख) आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको कागजातको प्रमाणित प्रतिलिपि,

(ग) कार्ययोजना अनुरुपको योग्यता, तालिम र अनुभव जनाउने कागजात,

(घ) सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपि,

(ङ) सङ्घ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि,

(च) निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरुको हकमा स्पेसिफिकेशनको प्रतिलिपि,

(छ) लाभग्राही कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि,

(ज) लाभग्राहीको कार्य समितिका पदाधिकारीहरुको नामावली,

(झ) यसै प्रकृतिको कार्यका लागि विगत दुई (२) वर्ष देखि अनुदान नलिएको स्व-घोषणा पत्र

नोटः निवेदन, संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि फोन नं ९८६२०६२५१५ वा ९८५११४८२०२ मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरीन्छ ।

२०८२/८/२

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृ

विष्णु प्रसाद सु
प्रमुख प्रशासकीय अ